# खाँदवारी नगरकार्यपालिकाको विनियोजन ऐन,२०७५

"खाँदवारी नगरकार्यपालिकाको आर्थिक बर्ष ०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन"

सभाबाट स्वीकृत मितिः २०७५/०३/२६

प्रमाणीकरण मिति २०७५/ /

राजपत्रमा प्रकासित मिति २०७५/ /

**प्रस्तावनाः**

खाँदवारी नगरकार्यपालिकाको आर्थिक बर्ष ०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खाँदवारी नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " खाँदवारी नगरकार्यपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष ०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष ०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची २ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६० करोड ८६ लाख ४२ हजार ५५० मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०७५/०७६ को निमित्त खाँदवारी नगरकार्यपालिकाको नगर कार्यपालिका, वडा समिति, न्यायीक समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरकार्यपालिका, वडा समिति, न्यायीक समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च शिर्षक र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च शिर्षक तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाले अधिकार प्रत्यायोजन गरेको भएमा मात्र सार्न सकिनेछ ।

(४) दफा २.१ वमोजिम संघ/प्रदेश/ सरकारवाट आउने थप वित्तिय समानिकरण अनुदान, विषेश अनुदान, शसर्त वजेट, दातृ निकायवाट प्राप्त हुने वजेट पछी प्राप्त भएमा कार्यपालिकाले निर्णय गरी कुल वजेट संसोधन गर्न सकिनेछ ।